# कृषि तथा पशुपन्छी बीमा "क्षति मूल्याङ्कनकर्ता "तालिममा सहभागी हुने सूचना

(सूचना प्रकाशित मिति २०७९/०१/२२)

कृषि विभागको आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बीमा समितिको समन्वयमा कृषि तथा पशुपन्छी बीमा सम्बन्धि ३ दिने " क्षति मूल्याङ्कनकर्ता " तालीम संचालन गरिने भएको हुँदा योग्यता पुगेका इच्छुक नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७९/०२/०५) कार्यालय समयमा रीतपूर्वक आवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ | तालिममा सहभागी हुन् आवेदन फारम कृषि बिभागको इमेल मार्फत दिन सकिने (doa.aginsurance@gmail.com) वा कृषि विभागमा दर्ता गर्न सकिनेछ | आबेदन फारम कृषि बिभागको वेब साइट (www.doanepal.gov.np) बाट प्राप्त गर्न सकिनेछ |तालिममा छनौट भएका प्रशिक्षार्थीहरुलाई इमेल बाट तालिम संचालन हुने मिति बारे जानकारी गराइनुका साथै तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुले तालिममा सहभागी हुँदा आते जाते भ्रमण खर्च तथा दैनिक भ्रमण भत्ता स्वयम् आफैले व्यहोर्नु पर्नेछ |

<u>सहभागी प्रशिक्षार्थीको योग्यता तथा आवेदन फारमसाथ संलग्न गर्नु पर्ने कागजातहरु</u> :

- कृषि, पशुपन्छी, मत्स्य विषयमा न्यूनतम प्रविणता प्रमाणपत्र तह (I.Sc.)उत्तीर्ण भएको चारित्रिक प्रमाणपत्र (Character Certificate) र लब्धाङ्क प्रमाण पत्र ( Academic Transcript) को छाँया प्रति
- नागरिकताको प्रमाणपत्रको छाँया प्रति
- हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो
- पूर्ण रुपले भरेको आवेदन फारम
- पेश गरेका शैक्षिक प्रमाणपत्रहरु र नागरिकताको प्रमाणपत्रका छायाप्रतिहरु नोटरी पब्लिकबाट प्रामणित गरेको हुनु पर्ने छ

(कृषि तथा पशुपन्छी बीमा सम्बन्धी "क्षति मूल्याङ्कनकर्ताको तालिम" मा सहभागी हुन दिनु पर्ने आवेदनको ढाँचा)

फोटो

श्री कृषि विभाग,
हरिहर भवन, ललितपुर ।

विषय : कृषि तथा पशुपन्छी बीमा सम्बन्धी "क्षति मूल्याङ्कनकर्ताको तालिम"मा सहभागीता बारे ।

महोदय,

कृषि विभागको मिति २०७९/०१/२२ मा प्रकासित सूचना अनुसार तहाँ संचालन हुने कृषि तथा पशुपन्छी बीमा सम्बन्धी "क्षति मूल्याङ्कनकर्ताको तालिम"मा सहभागी हुन आवेदन दिने सन्दर्भमा कृषि तथा पशुपंछी बीमा निर्देशिका २०७७ मा प्रशिक्षार्थीको शैक्षिक योग्यता व्यवस्था भए अनुसार मेरो योग्यता पुगेको हुँदा उक्त तालिममा सहभागी गराईदिनुहुन अनुरोध गर्दछु ।

| | | |
|---|---|---|
| निबेदकको नाम, थर : | | |
| स्थाई ठेगाना : | | |
| हालको ठेगाना : | | |
| सम्पर्क नं. : | मोबाईल : | ईमेल : |
| शैक्षिक योग्यता : | | |
| पेशा /व्यवसाय : | | |
| कार्यालयको नाम, ठेगाना : | | |

....................
दस्तखत
मिति :

<u>आवेदनसाथ संलग्न हुनु पर्ने कागजातहरु</u>

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ( नोटरी पब्लिकबाट प्रमाणित )
२. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (नोटरी पब्लिकबाट प्रमाणित)
३. यस तालिम अघि बीमा सम्बन्धि कुनै तालिम लिएको भए सोको प्रमाणपत्र
४. पासपोर्ट साईजको फोटो २ वटा